**Sub. code:0061**

# NEB-XII

## 2079 (2023)

### सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

**(नमुना प्रश्नपत्र)**

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शव्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अंकले पूर्णांक जनाउँदछ ।*

समय : ३ घण्टा पूर्णाङ्क: ७५

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

**समूह 'क'**

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु** **११× १ = ११**

१. जीवनोपयोगी शिक्षाको अर्थ एक वाक्यमा लेख्नुहोस् ।
२. पूर्वीय चिन्तन अन्तर्गतका कुनै दुई परम्पराको नाम लेख्नुहोस् ।
३. तपाइको कुनै लेख, रचना चोरी भएमा तपाईंले गर्ने कुनै दुई कार्यहरु उल्लेख गर्नुहोस् ।
४. तपाईंलाई मन पर्ने एउटा विषयवस्तुको अनुसन्धान शीर्षक तयार पार्नहोस् ।
५. नेपाल सम्बत् कहिलेदेखि सुरुवात भयो ? वि.सं.मा लेख्नुहोस् ।
६. तपाईंको विद्यालयमा कुनै दृष्टि विहीन साथी छन् । तपाईं उहाँलाई कसरी सहयोग पुऱ्याउनु सक्नुहुन्छ ? कुनै दुई बुँदा लेख्नुहोस् ।
७. नेपालमा सूचनाको हकको कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्तलाई सोध्न सकिने दुईवटा प्रश्नावलीको नमूना तयार पार्नुहोस् ।
८. शहरीकरणका कुनै दुईवटा आयामहरु प्रस्तुत गर्नुहोस् ।
९. आर्थिक विकास र आर्थिक वृद्धिविचको एक भिन्नता लेख्नुहोस् ।
१०. तपाईं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री हुनु भयो भने देशको व्यापार घाटा न्युनीकरण गर्न तपाईंले अपनाउने दुई उपाय लेख्नुहोस् ।
११. समावेशी शिक्षाको अर्थ एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

**समूह 'ख'**

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु** **८× ५ = ४०**

१२. तपाईले आफ्नो जाति, समुदाय अन्तर्गत सामाजिक संरचना अध्ययन अनुसन्धान गर्दै हुनुहुन्छ भने सोको लागि प्रस्तावनाको आवरण पृष्ठ तयार पार्नुहोस् ।

**अथवा**

सामाजिक समस्या सम्वन्धी कुनै शीर्षक तयार पारी सो शीर्षक अन्तर्गत गरिने अनुसन्धानको कुनै चार उद्धेश्यहरु प्रस्तुत गर्नुहोस् ।

१३. नेपालमा सामाजिक रुपान्तरणका लागि भइरहेका कुनै पाँच प्रयासहरु स्पष्ट पार्नुहोस् ।
१४. तपाईको क्षेत्रमा बाढी, पहिरो जस्तो विपद् आएमा उद्धार एवं सुरक्षित कार्य गर्न जनसहभागिताका लागि के गर्नु हुन्छ ? कार्य सुचि तयार पार्नुहोस् ।
१५. वि.सं २००७ देखि २०१७ सम्मको अवधिलाई संक्रमणकालीन अवधि मानिन्छ, किन ? विश्लेषण गर्नुहोस् ।
१६. सामाजिक समावेशीकरणका सकारात्मक प्रभावहरु उल्लेख गर्नुहोस् ।

१७. तपाई किशोर वा किशोरीको रुपमा आफ्नो पारिवारमा पालना गर्नु पर्ने कुनै पाँचवटा कर्तव्यहरु छोटकरीमा वर्णन गर्नुहोस् ।

१८. बसाईंसराईबाट पर्ने वातावरणीय चुनौतिहरु विश्लेषण गर्नुहोस् ।

१९. शैक्षिक विकासले सामाजिक रुपान्तरणमा सघाउँछ । उदाहरणसहित पाँच बुँदामा स्पष्ट पार्नुहोस् ।

**अथवा**

शिक्षाको क्षेत्रमा समुदायले कस्ता कुराहरुमा सहभागिता जनाउने गरेका छन ,उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

**समूह 'ग'**

**विस्तृत उतरात्मक प्रश्नहरु** **३×८ = २४**

२०. समालोचनात्मक चिन्तन र सिर्जनात्मक चिन्तनबिचको अन्तर सम्बन्ध विश्लेषण गर्नुहोस् ।

२१. प्रादेशिक अन्तर सम्बन्धका आयामहरु प्रष्ट पार्नुहोस् ।

**अथवा**

सूचना प्रविधिको कारणले तपाई हाम्रो जीवन र समाजमा कस्ता अनुकूल वा प्रतिकूल परिवर्तन ल्याएका छन, उदाहरण सहित वर्णन गर्नुहोस् ।

२२. गरिबी निवारणको लागि अवलम्बन गर्नुपर्ने रणनीति, कार्यक्रम र अपेक्षित उपलब्धि समेटी राष्ट्रिय योजना आयोगमा पेस गर्ने योजनाको ढाँचा तयार पार्नुहोस् ।

-0-